# दोगडाकेदार गाउंपालिकाको निति, कार्यक्रम तथा बजेट

आ. व. २०७६/०७७

दोगडाकेदार गाउंसभाबाट स्वीकृत मिति २०७६/०३/१४

## दोगडाकेदार गाउँसभाको पाँचौ बैठक

२०७६ असाढ १० गते का  दिन  उपाध्यक्ष श्री पार्वती ऐरी कार्की ज्यू द्वारा

प्रस्तुत निति, कार्यक्रम

(पाँचौ गाउँ सभा : मिति २०७६ असाढ १० गते)

आदरणीय यस दोगडाकेदार गाउँपालिकाको पाँचौ ऐतिहासिक एवम् गरिमामय गाउँसभाका अध्यक्ष महोदय, गाउँसभाका सम्पुर्ण सदस्यज्यूहरु तथा उपस्थित मानभावहरु

नेपाली जनताको लामो समयको त्याग, बलिदानी र संघर्षपछि नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था कायम भएको परिपेक्ष्यमा यस व्यवस्थाको पाँचौ गाउँसभामा आँगन तथा दैलोको सरकारको रुपमा चिनिने स्थानिय सरकारले आफ्नो आँगनमा सहभागितामूलक पद्धतिबाट योजना छनौट एवंम् तर्जुमा गरी यस दोगडाकेदार गाउँपालिकाको आ.व. ०७६/०७७ को निति तथा कार्यक्रम प्रस्तुत गर्ने सुअवसर पाउँदा आफुलाई भाग्यमानी ठानेकी छु र संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागी आफ्नो ज्यानको आहुति लगाई शाहदत प्राप्त गर्नुहुने बीर शहिदहरुमा श्रद्धा सुमन अर्पण गर्न चाहन्छु ।

आदणीय अध्यक्ष महोदय,

अब म दोगडाकेदार गाउँपालिकाको आ. ब. ०७६/०७७ को नीति तथा कार्यक्रम  प्रस्तूत गर्ने अनुमति चाहन्छु ।

१. कृषि क्षेत्रलाई  उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । कृषि क्षेत्रको आधुनिकिकरण, व्यावसायिकरण र प्रविधिकरण गरिनेछ । आवस्यक कृषि उपकरण का लागी ७० प्रतिसत अनुदानको व्यवस्था मिलाईने छ । उक्त कार्यक्रम सहकारी र निजिक्षेत्र संग साँझेदारी गरी संचालन गरिने छ ।

२. कृषि क्षेत्रलाई निर्वाहमुखि बाट व्यवसायमुखी र आत्मनिर्भरमुखी बनाउदै यस क्षेत्रमा रोजगारीको अवसर सिर्जना गर्न प्रोत्साहित गरिनेछ । प्रत्येक वडामा कृषि पकेट क्षेत्र निर्धारण गरी एक टोल एक उत्पादन कार्यक्रम संचालन गरिने छ ।

३. कृर्षियोग्य भूमिमा सिंचाई भन्ने मूल भावनाका साथ पुराना सिंचाई प्रणालीको मर्मत, थोपा सिंचाई प्लाष्टिक पोखरी लगायत पम्पिङ्ग सिंचाईको माध्यमबाट कृर्षि  उत्पादनमा वृद्धि हुने गरी सिंचाई, क्षेत्रमा योजना बनाईने छ ।

४. कृर्षि क्षेत्रमा सांझेदारी लाई बिशेष प्राथमिता दिई कार्यक्रम संचालन गर्न आवस्यक व्यवस्था मिलाईएको छ ।

५. कृषि क्षेत्रलाई प्राथमिकता दिई गाउँपालिका अध्यक्ष कृर्षि आयोजना संचालन लाई निरन्तरता दिईने छ । यो कार्यक्रम साझेदारीका रुपमा संचालन गर्न यसका  लागी आवस्यक ब्यवस्था मिलाईने छ । र यसमा सहकारी तथा कृषक साझेदारी लाई जोड दिईने छ ।

६. एक वडा एक कृषि प्राविधिक कार्यक्रम लाई निरन्तरता दिई  किसानको खेत गोठमा प्राविधिकहरु पुग्ने ब्यवस्था कडाईका साथ मिलाईने छ । कृषि उत्पादन लाई व्यवस्थित गर्न कृषि संकलन केन्द्र र शितभण्डार निर्माण गर्न पहल गरिने छ ।

७. कृर्षिजन्य उत्पादन लाई बजारीकरणको उचित ब्यवस्थापन गर्न कृर्षि सहकारीहरु लाई प्रोत्साहन गरिने ।

८. कृषि बिमा कार्यक्रम लागु गरिने छ । बिमा गर्ने किसानलाई ३० प्रतिशत बिमाङ्क रकम पालिकले अुनदान दिने छ ।

९. पशु बिमा कार्यक्रम लागु गरिने छ । पशु बिमा गर्ने किसानलाई ३० प्रतिशत बिमाङ्क रकम पालिकले अुनदान दिने छ ।

१०. एक वडा एक पशु प्राविधिक कार्यक्रम लाई निरन्तरता दिई  किसानको खेत गोठमा प्राविधिकहरु पुग्ने ब्यवस्था कडाईका साथ मिलाईने छ ।

११. दुध डेरी स्थापना, तथा पशु फर्म विकास कार्यक्रम संचालन गरिने छ । सोका लागी सहकारी तथा निजि क्षेत्रलाई प्रोत्साहित गरिने छ ।

१२. धार्मिक प्रर्यटकिय सम्भावना बोकेका मठमन्दिर, धार्मिक स्थलहरुको संरक्षण र सर्म्बधन गरिने छ । वडा नं. १ को महारुद्र मन्दिर, वडा नं. २ को चनैराज तथा रौलाकेदार, वडा नं. ३ को खोचलेक केदार, वडा नं. ४ को देउलेक धाम, वडा नं. ५ दोगडाधाम, वडा नं. ६ केदार मन्दिर, वडा नं. ७ भुमिराज मन्दिर र वडा नं. ८ मौलिङ्ग मन्दिर लगायतका मन्दिर हरुमा बिशिष्ट कार्यकमहरु संचालन गरी धार्मिक पर्यटन वर्ष मनाईने छ ।

१३. पर्यटकिय क्षेत्रको पहिचान गरी आवश्यक पूर्वाधार निर्माण गर्नुका साथै यस क्षेत्रमा सम्वन्धित निकायहरु संग प्रभावकारी समन्वय गर्दै  रोजगारीका अवसरहरु सिर्जना गर्न प्रोत्साहित गरी निजी सहकारी  साझेदारी लाई प्राथमिकता दिइनेछ ।

१४. स्थानिय संस्कृति संम्बर्धनका लागी डेउडा, हुडकेली नाच, छलिया नाच, गौरा (अठेवाली) सगुनको संरक्षण सम्वर्द्धनका लागी बिषेश कार्यक्रम संचालन गरी आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१५. आन्तरीक तथा बाह्य  पर्यटक प्रर्वधनका लागी पर्यटकीय आवस तथा होमस्टे गाउँ संचालन गरिने छ ।

१६. एक वडा एक खेकुद मैदान एक व्यक्ति एक खेलको कार्यक्रम संचालन गर्ने र मा. बि. हरुमा आवश्यक खेल सामाग्रीहरुको व्यवस्था गरिने छ । पालिकास्तरिय व्यवस्थित खेलमैदान निर्माण गरिने छ ।

१७. उद्यमीहरुका लागी साना उद्योगहरुलाई प्रोत्साहन गरी करमा विशेष छुटको व्यवस्था मिलाईने छ । उद्योग धन्दा ब्यापार ब्यवसायको स्थापना र संचालन गर्न आवश्यक पुर्वाधारको व्यवस्था गरी सहज वतावरण बनाईने छ र यस क्षेत्रमा सहकारी र निजिक्षेत्रलाई प्रोत्साहान गरिने छ । यस गा. पा. अन्तरगत रहेका सहकारी संस्थाहरु लाई  कृर्षि, पशुपालन, पर्यटन, लघु उद्यम, लघुविद्युत जस्ता उत्पादन क्षेत्रमा काम गर्न प्रोत्साहन गरिनेछ ।

१८. एक वडा एक लघुउद्यम कार्यक्रम संचालन गरिने छ। संघिय र प्रदेश सरकार संग समन्वय गरी वडा नं. ८ को कटौजपानीमा औद्योगिक ग्राम स्थापना गर्न आवश्यक पहल गरिने छ।

१९. सहकारी, निजि र घरेलु उद्योगहरु संचालन गर्न प्रोत्साहित गरिने छ।

२०. बिद्यमान शैक्षिक प्रणालीमा सुधार गरी व्यवसायिक, प्राविधिक, बालमैत्री, अपाङ्गमैत्री शिक्षा प्रदान गरिने छ। शिक्षण सिकाईलाई प्रभावकारी बनाउन प्रत्येक बिद्यालमा हरेक महिना अनिवार्य अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था मिलाईनेछ।

२१. प्रत्येक मा. बि. लाई प्राविधिक धार संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ। एक बिद्यालय एक करेसावारी स्थापना गरिने छ।

२२. प्रत्येक मा. बि. हरुमा मल्टीमिडिया प्रविधिवाट शिक्षण सिकाई, ई लाईब्रेरी संचालन गरिने छ। पठन पाठनमा उत्कृष्ट र अनुसाशनमा उत्कृष्ट बिद्यालयहरुलाई पुरुस्कृत गरिने छ। एक मा. बि. १ स्वयंम सेवक खेल शिक्षकका लागी आवश्यक बजेटको व्यवस्था मिलाईने छ।

२३. यस गा.पा. का सामुदायिक बिद्यालयहरुमा आधारभुत तह (कक्षा १-८) सम्म अनिवार्य अंग्रेजी माध्यम बाट पढाई संचालन गर्ने बिद्यालयहरु लाई बिशेष अनुदानको व्यवस्था मिलाईने छ। प्रारम्भिक बाल विकास केन्द्रको चौतर्फी विकासको लागी आवश्यक पहल कदमी लिईने छ।

२४. अनाथ एवम् टुहुरा बालबालिकाको संरक्षण गरी शिक्षाको उज्यालो ज्योती प्रदान गर्नको निम्ति कक्षा १ देखी कक्षा १२ सम्म अध्यनरत वालवालिका हरुलाई बर्षिक एकमुष्ट रकम रु. २० हजार प्रोतसाहन खर्चको व्यवस्था गरिएको छ।

२५. शिक्षालाई गुणस्तरिय बनाउन बिद्यालयलाई अनुदान कार्यक्रम संचालन गरिने छ। यसका लगी आवस्यक बजेटको व्यवस्था मिलाईएको छ।

२६. प्रत्येक बिद्यालयमा खानेपानी र शौचालय आगामी आ. व. २०७६/७७ सम्पन्न हुने गरि आवश्यक वजेटको व्यवस्था मिलाईने छ।

२७. बिद्यालयमा संचालन तथा निर्माण गरिने कार्यकम तथा संरचनाहरु बालमौत्री हुने छन।

२८. बाल बिकास केन्द्रका शिक्षक, बिद्यालय कर्मचरीहरुलाई प्रोत्साहन खर्च वाफत बार्षिक रु २ हजार दिईने छ।

२९. पालिकाको एक मात्र उच्चाशिक्षा प्रदान गर्ने श्रीकोट बहुमुखी क्याम्पसलाई आवश्यक पुर्वाधार निर्माण गरिने छ। थप संकाय संचालन गर्न आवश्यक पहल गरी आङ्गिक क्याम्पस का लागी संघ र प्रदेश सरकार संग अनुरोध गरिने छ।

३०. आधारभूत गुणस्तरीय स्वास्थ सेवामा जनताको सरल पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईनेछ । संस्थागत सुत्केरी गाउँपालिका, बालविवाह रहित गाउँपालिका, कुपोषण रहित गाउँपालिका घोषणा अभियान संचालन गरिनेछ।

३१. स्वास्थ्य विमा र महिला स्वंयम सेविकालाई प्रोत्साहन खर्चलाई निरन्तरता दिईने छ र यस कार्यक्रमका लागी आवश्यक बजेटको व्यवस्था मिलाईएको छ।

३२. छोरी जन्माउने आमालाई प्रोतसाहन कार्यक्रमलाई निरन्तरता दिईने छ र यस कार्यक्रमका लागी आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

३३. स्वास्थ्य सेवालाई सहज बनाउन एम्बुलेन्स संचालन गरिने छ । प्रयोगशाला संचालन र जनशक्ती व्यवस्थापन लाई निरन्तरता दिई यसका लागी आवश्यक बजेटको ब्यवस्था मिलाईएको छ ।

३४. सँघीय तथा प्रदेश सरकार सँग समन्वय गरी गाउँपालिका भित्र १५ शैयाको अस्पताल स्थापनाका लागी आवस्यक पहल गरीने छ । साथै सहकारी तथा निजिक्षेत्रले समन्वय गरि सामुदायिक अस्पत्ताल संचालन गर्न चाहेमा भवन उपलबध गराई आवश्यक सबै सहयोगका लागी पहल गरिने छ ।

३५. सरसफाई उन्मुख गाउँपालिका बनाउन प्रत्येक वडाहरुमा ब्यक्तिगत, घराईसी र बातावरणीय सरसफाई कार्यक्रम संचालन गरी सरसफाई उन्मुख वडा घोषणा गरिनेछन् ।

३६. अध्यक्षको सान १००० दिनका आमाहरुको घरधुरीहरुलाई सुरक्षित पानी अभियान नमुना टोल कार्यकम र वडा अध्यक्षको सान पोषण युक्त नमुना टोल अभियान संचालन गरिने छन् ।

३७. गर्ववती महिलाहरुका लागी उपाध्यक्ष कोशेली कार्यकम संचालन गरिने छ यसका लागी आवश्यक वजेटको ब्यवस्था गरिने छ ।

३८. समावेशीकरणको राष्ट्रिय निति अनुरुप यस गाउँपालिका भित्र पिछडिएको वर्ग, गरिव, दलित, जनजाती, महिला, अल्पसंख्यक, उत्पीडित वर्ग लाई नीति निर्माण तहमा समाबेश गरी उनीहरुको उत्थान एवम् क्षमता अभिवृद्धि गरी सशक्तिकरण गर्न आवश्यक पहल कदमी गरिने छ । यसका साथै सिकाई प्रशिक्षण केन्द्र, शिल्पकला केन्द्र, बाल उद्यान तथा मनोरञ्जन केन्द्र सञ्चालन गरिनेछन । छुवाछुत मुक्त गा.पा., पूर्ण बिभेद रहित गा.पा., छाउपडीमुक्त गा.पा., बालमैत्री गा.पा., महिला हिंसा रहित गा.पा., जेष्ठ नागरीक मैत्री गा.पा. आदि जस्ता अभियान हरु संचालन मा ल्याईनेछ ।

३९. दलित समुदायमा रहेको परम्परागत सिप तथा व्यवसायलाई अधुनिकिकर गर्ने तर्फ आवश्यक पहलकदमी गरिने छ ।

४०. गाउँपालिकाका सबै वार्डहरुमा स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ । एक टोल एक धारा हुदै एक घर एक धारा अभियान संचालन गरिनेछ ।

४१. पूर्वाधार विकासमा विशेष जोड दिईनेछ र गाउँपालिका गौरवका आयोजना हरुलाई उच्च प्राथमिकता दिईएको छ ।

४२. यस आ.व. भित्र गाउँपालिका गौरवका सडकहरुलाई उच्च प्राथमिक्ता दिईने छ । एक वार्ड एक चक्रपथ बनाउने योजना सञ्चालनलाई निरन्तरता दिईने छ ।

४३. निर्माण भएका गाउँपालिकाका गौरवका सडकहरु स्तरोन्नती गर्न आवस्यक बजेटको ब्यवस्था मिलाईएको छ ।

४४. भवन आचारसंहिता लागू गरी व्यवस्थित बजारीकरण र भुकम्प प्रर्तिरोधात्ममक घर निर्माण लाई कार्यान्वयनमा ल्याईनेछ ।

४५. ग्रामिण विद्युतिकरण, लघुउर्जा, सौर्यउर्जा, आदिलाई प्राथमिकतामा राखी सम्पूर्ण वार्ड मा विद्युतिकरण गरिनेछ र उज्यालो दोगडाकेदार अभियान  लाई निरन्तरता दिईने छ ।

४६. बैकल्पीक उर्जा प्रवर्धन केन्द्र तथा प्रदेश सरकार संग समन्वय गरी सडक बत्ती, पम्पीङ्ग खानेपानी योजना, पम्पीङ्ग सिंचाई योजना, सुधारीएको घट्ट, बिद्यालय हरुमा सोलार, स्वास्थ्य चौकीहरुमा सोलार, गोवरग्यांस, सुधारीएको चुलो  जस्ता कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ ।

४७. संघिय सरकार, बैकल्पीक उर्जा प्रवर्धन केन्द्र तथा प्रदेश सरकार संग समन्वय ढिक्गाड तथा जमाडी गाढ जलबिद्युत आयोजनाहरु डि. पि. आर तयार भई सकेकोले निर्माण गर्न आवश्यक पहल गरी ने छ ।

४८. खोचलेक र सिल्लेगडा बजारमा संघिय सरकार संग समन्वय गरी ढलनिकास निर्माण गर्न आवश्यक पहल गरिने छ ।

४९. संघिय सरकार तथा प्रदेश सरकारसंग समन्वय गरी वडा नं ८ कटौजपानी मा एकिकृत नमुना वस्ति विकास बिकास कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ ।

५०. दोगडाकेदार गाउँपालिका का गौरवका आयोजना कार्यान्वयनका लागी आवश्यक साधन स्रोतको व्यवस्थापन गरिनेछ र नियमित अनुगमन र मूल्याङन  गरिनेछ ।

५१. सार्वजनिक स्थलहरुमा फोहर गर्न नदिने, फोहरफाल्न कन्टेनर राख्ने तथा राख्नलगाउन आवश्यक पहल कदमि चालिने छ ।

५२. वातावरण संरक्षण गर्न एक व्यक्ति २ विरुवा अभियान संचालन गरिने छ र यसका लागी एक वडा एक नर्सरी स्थापना कार्यक्रम संचालन गरिने छ ।

५३. जोखीम तथा विपत व्यवस्थापनलाई ध्यानमा राखी बिपत ब्यवस्थापन कोष संचालन गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

५४. बित्तिय सुशासन तथा क्षमता विकासका लागी सहकारी तथा निजि क्षेत्रलाई समन्वय गरी आवश्यक कार्यक्रम संचालन गरिने छन ।

५५. समृद्ध दोगडाकेदार गाउँपालिका निर्माणका लागी यस क्षेत्रमा कार्यरत गैर सरकारी संघ सस्थाहरु, अन्तर्राष्ट्रिय संघ सस्थाहरु, सहकारी तथा निजी क्षेत्रसंग  समन्वय गरी  योजना तथा कार्यक्रम सञ्चालन  गरिनेछ ।

५६. सामाजिक सेवालाई चुस्त, दुरुस्त, जनमुखी, परिणाममुखी र सेवाग्राही मैत्री बनाउन आवश्यक पहल कदमी गरिने छ । पारदर्शिता, सूचनाको हक, बिधिको शासन, जनउत्तरदायित्व आदि सुनिश्चित गरी गा.पा. भित्र सुशासन कायम गर्न नागरिक वडापत्रको ब्यवस्था, सूचना सार्वजनकिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण आदिलाई प्रभावकारी रुपमा संचालन गरिने छ । यसका साथै खटिएर ईमान्दारीपूर्वक काम गर्ने राष्ट्रसेवक कर्मचारी लाई उचित पुरुस्कारको ब्यवस्था गरिने छ  र कानून भन्दा बाहेक अनुपस्थित रहने, घुस तथा कमिसन लिने, जनतालई दुःख दिने, सेवा प्रवाहमा ढिलो गर्ने मादक पदार्थ सेवन गर्ने जस्ता अनुचित कार्य गर्ने कर्मचारी तथा सार्वजनिक पद धारण गरेको ब्यक्तिलाई कडा भन्दा कडा करवाही गरिने छ ।

५७. सार्वजनिक तथा सामाजिक सेवाको क्षेत्रमा रक्सी, धुम्रपान तथा सुर्तिजन्य पदार्थ सेवनलाई पुर्ण रुपमा निषेध गरिनेछ । उपभोक्ताको हक हित संरक्षण गर्न प्रत्येक पसलमा मुल्य सूचि राख्न लगाईने छ र गुणस्तरयुक्त समाग्रीको सुनिश्चिचताको लागी समय समयमा अनिवार्य वजार अनुगमन गरिने छ र गुणस्तरहिन सामाग्री भेटिएमा प्रचलित कानून बमोजिम कारवाहि गरिनेछ ।

५८. यस गा.पा. को सूचना तथा संचार प्रविधिको विकास एंवम विस्तारको लागि आवस्यक ब्यवस्था मिलाईने छ । दोगडाकेदारको सामाजिक, ऐतिहांसिक, संस्कृति झल्किने गरी संग्राहालयको स्थापना गर्न पहल गरिनेछ । डोटेलि भाषाको संरक्षण र सम्बृर्धन गर्नका लागी आवश्यक पहल कदमी गरिनेछ ।

५९. युवा वर्गको बिकासका निम्ति गाउँपालिका युवा स्वरोजगार कार्यक्रम संचालन गरिने छन । स्वच्छ जीवनका लागी खेलकुद भन्ने मुल मर्मका साथ खेलकुद क्षेत्रको बिकासको लागी आवश्यक पहलकदमी गरिनेछ ।

६०. यस गाउँपलिपाकाको आर्थिक स्तरबृद्धी गर्न करका दर भन्दा पनी दायराहरु फराकिलो बनाईने छ ।

अन्त्यमा,

यस नीति, कार्यक्रम निर्माणका साथै स्थानिय तह संचालन गर्ने राष्ट्रसेवक कर्मचारी, सामाजिक अगुवा, बुद्धीजिवि, सञ्चार जगत, ब्यवसायी, सुरक्षा निकाय लगायत समस्त दोगडाकेदार बासिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

आदरणिय अध्यक्ष महोदय,

आव मं आ.व. ०७६/०७७ को लागी अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

आगामी आ. वा. २०७६/०७७ का लागि देहाय बमोजिमको आय व्यय अनुमान गरिएको छ ।

तपसील

**आय अनुमान :**

आन्तरिक आम्दानी श्रोतको अनुमान रु. ८२,२८,०००।- (८२ लाख २८ हजार)

नेपाल सरकारबाट प्राप्त हुने अनुदान :

सामाजिक सुरक्षा अनुदान रु. ९,००,००,०००।- (९ करोड) अनुमान गरिएको छ )

सशर्त अनुदान रु. १८,७६,००,०००।- (१८ करोड ७६ लाख)

बित्तिय समानिकरण अनुदान रु. ९,५७,००,०००।- (९ करोड ५७ लाख)

राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुदान रु. ७,८८,००,०००।- (७ करोड ८८ लाख)

बहुक्षेत्रीय पोषण अनुदान रु. १४,६२,०००।- (१४ लाख ६२ हजार)

सम्पूरक अनुदानको अनुमान रु. २,००,००,०००।- (२ करोड)

बिशेष अनुदानको अनुमान रु. ३०००००००।- ( ३ करोड)

प्रदेश सरकार बाट प्राप्त हुने अनुदान :

वित्तिय समानिकरण अनुदान रु. ६८,६८,०००।- (६८ लाख ६८ हजार)

सवारीसाधन कर बाँडफाँडबाट प्राप्त हुने अनुदान रु. १९,३५,०००।- (१९ लाख ३५ हजार)

सम्पूरक अनुदानको अनुमान रु. १,५०,००,०००।- (१ करोड ५० लाख)

बिशेष अनुदानको अनुमान रु. २,००,००,०००।- (२ करोड)

अन्य निकाय तथा संघ संस्था बाट प्राप्त हुने अनुदान रु.

**जम्मा आय अनुमान रु. ५५,५५,९३,०००।- (५५ करोड ५५ लाख ९३ हजार)**

**व्यय अनुमान**

सम्पुरक अनुदान तर्फ रु. ३,५०,००,०००।- **( ३ करोड ५० लाख)**

बिशेष अनुदानको अनुमान रु. ५,००,००,०००।- ( ५ करोड)

समाजिक सुरक्षा तर्फ रु. ९,००,००,०००।- **(९ करोड) अनुमान गरीएको छ ।**

बहुक्षेत्रिय पोषण अनुदान रु. १४,६२,०००।- **(१४ लाख ६२ हजार)**

सशर्त अनुदान रु. १८,७६,००,०००।- **(१८ करोड ७६ लाख)**

चलु तर्फ रु. ४,७७,२७,८९४।- **(४ करोड ७७ लाख २७ हजार ८ सय ९४ रुपैयाँ)**

सम्पुरक कोष रु. ४,८३,०३,१०६।- **(४ करोड ८३ लाख ३ हजार १ सय ६ रुपैयाँ)**

यस सम्पुरक कोषबाट ग्रामिण क्षेत्रका लागी नविकरणिय उर्जा कार्यक्रम, ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना का सथै संघिय र प्रदेश सरकार वाट समपुरक अनुदानमा संचालन गरिने योजना तथा कार्यक्रमहरु र बेरुजु फिर्ता समेत गरिने छन ।

सौर्य उर्जा कार्यक्रम अन्तरगत

- ढिक्गाढ सैनिखेत सौर्य लिप्ट सिंचाई योजना  वडा नं ६
- कफल्डीगाढ उस्कला ठुलाखेत सौर्य लिप्ट सिंचाई योजना वडा नं ३
- पस्याड माल्लेक सौर्य लिप्ट खानेपानी योजना वडा नं ८
- खोपट्टेखोला चौगाउँ सौर्य लिप्ट खानेपानी योजना वडा नं ४
- गोवडा सौर्य लिप्ट खानेपानी योजना वडा नं ५
  र यस यन्तरगत सुधारिएको घट्ट, सुधारिएको चुलो, गोवरग्यस, सडक बत्ती र सर्वजनीक संस्थाहरुमा संस्थागत सोलार जडान कार्यक्रम हरु संचालन गरिने छन ।

ग्रमिण जलश्रोत व्यवस्थापन परियोजना अन्तरगत

- गाडिखेत सुजला रिखाली खानेपानी तथा सरसफाई योजना वडा नं ७
- कोशेडा मणिलेक खानेपानी तथा सरसफाई योजना वडा नं ६
- बेथाड मुडाखेत गरलहल्ला सुनखोला आईरेगाउँ खानेपानी तथा सरसफाई योजना वडा नं ३

कार्याक्रम संचाल तथा प्रशासनिक खर्च :

- फर्निचरमा रु. ९,८८,०००।-
- स्काभेटर मर्मत खर्चमा रु. २०,१२,०००।-
- मेसिनरी औजारमा रु. १०,००,०००।-
- पुंजिगत अनुसन्धान तथा परामर्शमा रु. १५,००,०००।-
- सवारी साधनमा रु. १,००,००,०००।-

**विकास वजेटका लागी बाँकी रु. ८,००,००,०००।-  ( ८ करोड  )**

१- आर्थिक बिकास तर्फ रु. **१ करोड ४४ लाख        १८%**

- कृषि (**५५ लाख**)
- पशु विकास (**४५लाख**)
- उद्योग तथा बाणिज्य (**२० लाख**)
- पर्यटन (**२४लाख**)

२- समाजिक विकास तर्फ रु. **३ करोड ४ लाख        ३८%**

- शिक्षा (**१ करोड**)
- स्वस्थ्य (**६० लाख**)
- खानेपानी तथा सरसफाई (**१ करोड**)

- संस्कृति प्रवर्धन (**२० लाख**)
- लैगिक समानता तथा समाजिक समावेशिकरण तथा बिविध (**२४ लाख**)

३- पुर्वाधार विकास रु. **३ करोड १२ लाख** **३९%**

- सडक तथा पुल (झोलङ्गे पुल सहित) (**१ करोड १५ लाख**)
- सिंचाई (**४५ लाख**)
- भवत तथा शहरीविकास (**७७ लाख**)
- उर्जा, लघु तथा साना जलबिद्युत (बैकल्पीक उर्जा समेत)
- संचार, खानेपानी पुर्वाधार तथा बिबिध (**७५ लाख**)

४- वातावरण तथा बिपद ब्यवस्थापन रु. **१६ लाख** **२%**

- वन तथा भूसंरक्षण
- जलाधार संरक्षण
- वतावरण संरक्षण
- जलवायु परिवर्तन
- फोहर मैला व्यवस्थापन
- जलउत्पन्न प्रकोप नियन्त्रण
- विपत ब्यवस्थापन
- वारुण यन्त्र संचालन
- लेण्डफिल्ड साईड तथा बिविध

५- संस्थागत विकास तथा सेवा प्रवाहः रु. **१२ लाख** **१.५ %**

- मानव संसाधन विकास संस्थागत क्षमता विकास
- संस्थागत पुर्वाधार
- नागरिक वडापत्र तथा टोकन प्रणाली
- सेवा प्रवाहमा मापदण्ड निर्धारण
- सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन
- अभिलेख व्यवस्थापन
- सुरक्षा व्यवस्थापन तथा विविध

६- बित्तिय व्यवस्थापन तथा सुशासन रु. **१२ लाख** **१.५ %**

- लेखाङ्कन तथा राजश्व परिचालन
- सामाजिक परिक्षण
- अन्तिम लेखा परिक्षण तथा वेरुजू

- सार्वजनिक सुनुवाई
- आन्त्रिक नियन्त्रण तथा लेखा परिक्षण
- वित्तिय अनुसाशसन तथा जोखीम न्यूनिकरण र विविध

**जम्मा आय अनुमान रु. ५५,५५,९३,०००।-      (५५ करोड ५५ लाख ९३ हजार)**

## आ. व. २०७६/०७७ शिर्षक अनुसार खर्च विनियोजन

| क. सं. | विवरण | खर्च संकेत | श्रोत | | रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| | चालु तर्फ | | | | | |
| कर्मचारी | कर्मचारी तलब | २११११ | संघिय सरकार | राजश्व वांडफांड | २६८५००१४ | |
| | स्थानिय भत्ता | २११३१ | संघिय सरकार | राजश्व वांडफांड | ३४१९८८० | |
| | महंगी भत्ता | २११३२ | संघिय सरकार | राजश्व वांडफांड | २०६४००० | |
| | पोषाक | | संघिय सरकार | राजश्व वांडफांड | ७००००० | |
| | अन्य भत्ता | २११३३ | संघिय सरकार | राजश्व वांडफांड | १००००० | |
| | अनुगमन मुल्यङकन खर्च | २२६११ | संघिय सरकार | राजश्व वांडफांड | ८००००० | |
| | कर्मचारी प्रोत्साहान तथा पुरुस्कार | | संघिय सरकार | राजश्व वांडफांड | ५०००० | |
| | भ्रमण खर्च | २२६१२ | संघिय सरकार | राजश्व वांडफांड | ३००००० | |
| | संचार महसुल | २२११२ | संघिय सरकार | राजश्व वांडफांड | ४०००० | |
| | बिविध खर्च | २२७११ | संघिय सरकार | राजश्व वांडफांड | २००००० | |
| | जम्मा रु. | | | | **३४५२३८९४** | |
| गाउंकार्य पालिकाको कार्यालय | पानी बिजुली | २२१११ | संघिय सरकार | राजश्व वांडफांड | २०००० | |
| | संचार महसुल | २२११२ | संघिय सरकार | राजश्व वांडफांड | २०००० | |
| | ईन्धन (कार्यालय प्रयोजन) | २२२१२ | संघिय सरकार | राजश्व वांडफांड | १००००० | |
| | सवारी साधन मर्मतखर्च | २२२१३ | संघिय सरकार | राजश्व वांडफांड | २००००० | |
| | बिमा तथा नविकरण | २२२१४ | संघिय सरकार | राजश्व वांडफांड | १००००० | |
| | मेसीनरी तथा औजार मर्मत संम्भार तथा संचालन खर्च | २२२२१ | संघिय सरकार | राजश्व वांडफांड | १५०००० | |
| | मसलन्द तथा कार्यालय समाग्री | २२३११ | संघिय सरकार | राजश्व वांडफांड | १०००००० | |
| | ईन्धन अन्य प्रयोजन | २२३१४ | संघिय सरकार | राजश्व वांडफांड | ५०००० | |
| | पत्रपत्रीका छपाई तथा सुचना प्रकासन खर्च | २२३१५ | संघिय सरकार | राजश्व वांडफांड | २००००० | |
| | सेवा परामर्श खर्च | २२४११ | संघिय सरकार | राजश्व वांडफांड | २००००० | |
| | सुचना प्रणाली तथा सफ्टबेयर खर्च | २२४१२ | संघिय सरकार | राजश्व वांडफांड | १५०००० | |
| | करार सेवा शुल्क | २२४१३ | संघिय सरकार | राजश्व वांडफांड | २००००० | |
| | घर भाडा | २८१४२ | संघिय सरकार | राजश्व वांडफांड | १००००० | |
| | अन्य भाडा | २८१४९ | संघिय सरकार | राजश्व वांडफांड | १५००००० | |
| | अन्य सेवा शुल्क | २२४१९ | संघिय सरकार | राजश्व वांडफांड | ४००००० | |
| | सभा संचालन खर्च | २२७२१ | संघिय सरकार | राजश्व वांडफांड | १००००० | |
| | अनुगमन मुल्यङकन खर्च | २२६११ | संघिय सरकार | राजश्व वांडफांड | २००००० | |
| | बिविध खर्च | | संघिय सरकार | राजश्व वांडफांड | २००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जम्मा रु.** | | | | **४८९००००** | |
| पदाधिकारी | मासिक सुविधा | २११११२ | संघिय सरकार | राजश्व वांडफांड | ५२०००००० | |
| | बैठक भत्ता | २११४१ | संघिय सरकार | राजश्व वांडफांड | १०००००० | |
| | अन्य सुविधा | २११४२ | संघिय सरकार | राजश्व वांडफांड | १०००००० | |
| | अन्य भत्ता | २११४९ | संघिय सरकार | राजश्व वांडफांड | १०००००० | |
| | ईन्धन | २२२११ | संघिय सरकार | राजश्व वांडफांड | ५०००० | |
| | संचार महसुल | | संघिय सरकार | राजश्व वांडफांड | ७४००० | |
| | अनुगमन मुल्यडकन खर्च | २२६११ | संघिय सरकार | राजश्व वांडफांड | २०००००० | |
| | **जम्मा रु.** | | | | **५८२४०००** | |
| विसयगत शाखा संचालन खर्च | स्वस्थ्य शाखा | | संघिय सरकार | राजश्व वांडफांड | ५०००० | |
| | पशु पंक्षी शाखा | | संघिय सरकार | राजश्व वांडफांड | ५०००० | |
| | शिक्षा शाखा | | संघिय सरकार | राजश्व वांडफांड | ५०००० | |
| | महिला विकास शाखा | | संघिय सरकार | राजश्व वांडफांड | ५०००० | |
| | कृर्षि शाखा | | संघिय सरकार | राजश्व वांडफांड | ५०००० | |
| | **जम्मा रु.** | | | | **२५००००** | |
| वडाकार्यालय ८ वटा | बैठक भत्ता | | गा.पा. | आन्तरिक आम्दानी | २४०००० | |
| | संचार महसुल | | गा.पा. | आन्तरिक आम्दानी | ४८००० | |
| | कार्यालय सम्बन्धी | | गा.पा. | आन्तरिक आम्दानी | ७२०००० | |
| | अनुगमन तथा मुल्याङ्कन | | गा.पा. | आन्तरिक आम्दानी | ४८०००० | |
| | विविध खर्च | | गा.पा. | आन्तरिक आम्दानी | ५७६००० | |
| | ईन्धन | | गा.पा. | आन्तरिक आम्दानी | ४८००० | |
| | सवारी साधन मर्मतखर्च | | गा.पा. | आन्तरिक आम्दानी | ४०००० | |
| | बिमा तथा नविकरण | | गा.पा. | आन्तरिक आम्दानी | ४०००० | |
| | पानी बिजुली | | गा.पा. | आन्तरिक आम्दानी | ४८००० | |
| | | | | | **२२४००००** | |
| चालु तर्फको जम्मा रकम रु. | | | | | **४७७२७८९४** | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्यसंचालन तथा प्रशासनिक खर्च | फर्निचर | | गा. पा | आन्तरिक आम्दानी | ९८८००० | |
| | स्काभेटर मर्मत सम्भार | | संघिय सरकार | राजश्व वांडफांड | २०१२००० | |
| | मेसनरी औजार | | गा. पा | आन्तरिक आम्दानी | १०००००० | |
| | पुजीगत अनुसन्धान तथा परामर्श | | संघिय सरकार | राजश्व वांडफांड | १५००००० | |
| | सवारीसाधन | | संघिय सरकार | राजश्व वांडफांड | १००००००० | |
| | | | | जम्मा रु. | १५५००००० | |
| **समपुरक कोष** | | | संघिय सरकार | बित्तिय समानिकरण | ४८३०३१०६ | |
| **नविकरणिय उर्जा कार्यक्रम** | | | | | | |
| १ | संस्थागत सोलार जडान | ३ वटा | | सम्पुरक कोष | | |
| २ | स्वस्थ्य संस्था सोलार जडान | २ वटा | संघिय सरकार | सशर्त अदान | | |
| ३ | सौर्य लिप्ट खानेपानी योजना DPR | ४ वटा | | सम्पुरक कोष | | |
| ४ | सौर्य लिप्ट सिंचाई योजना DPR | २ वटा | | सम्पुरक कोष | | |
| ५ | पस्याड माल्लेक सौर्य लिप्ट खानेपानी योजना | वडा नं ८ | | सम्पुरक कोष | | |
| ६ | गोवडा सौर्य लिप्ट खानेपानी योजना | वडा नं ५ | | सम्पुरक कोष | | |
| ७ | खोपट्टेखोला चौगाउं सौर्य लिप्ट खा. पा. यो. | वडा नं ४ | | सम्पुरक कोष | | |
| ८ | ढिक्कगाढ सैनीखेत सौर्य लिप्ट सिंचाई योजना | वडा नं ६ | | सम्पुरक कोष | | |
| ९ | कफल्डीगाढ उस्कला सौर्य लिप्ट सिंचाई यो. | वडा नं ३ | | सम्पुरक कोष | | |
| १० | धार्मिक स्थल सोलार जडान | १० वटा | | सम्पुरक कोष | | |
| ११ | सौर्य सडक बत्ती | १२ वटा | | सम्पुरक कोष | | |
| १२ | सुधारीएको घट्ट | १० वटा | | सम्पुरक कोष | | |
| १३ | ढिक्कगाढ लघु जलबिद्युत योजना ( निर्माणधिन) | | | सम्पुरक कोष | | |
| १४ | ढिक्कगाढ लघु जलबिद्युत योजना A | | | सम्पुरक कोष | | |
| १५ | गोबर ग्यांस जडान | २० वटा | | सम्पुरक कोष | | |
| १६ | सुधारिएको चुलो जडान (दुई मुखे माटो) | ५० वटा | | सम्पुरक कोष | | |
| १७ | सुधारिएको चुलो जडान (दुई मुखे फलामे) | ५० वटा | | सम्पुरक कोष | | |
| १८ | वडास्तरिय नविकरणिय उर्जा प्रवर्धन अभिमुखीकरण कार्यक्रम | | संघिय सरकार | सशर्त अदान | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | नविकरणिय उर्जासम्बनधी जनचेतना मुलक कार्यक्रम | | संघिय सरकार | सशर्त अदान | | |
| २० | बार्षिक योजना तर्जुमा तथा प्रगति समिक्षा गोष्ठी | | संघिय सरकार | सशर्त अदान | | |
| २१ | उर्जा उपसमिति बैठक | | संघिय सरकार | सशर्त अदान | | |
| २२ | उर्जा क्रियाकलापको अनुगमन | | संघिय सरकार | सशर्त अदान | | |
| २३ | प्रसासनिक खर्च | | संघिय सरकार | सशर्त अदान | | |
| **ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना** | | वडा नं. | | | | |
| १ | गाडिखेत सुजला रिखाली खानेपानी तथा सरसफाई योजना | ७ | | सम्परक कोष | | |
| २ | केशेडा मणिलेक खानेपानी तथा सरसफाई योजना | ६ | | सम्परक कोष | | |
| ३ | बेथाड मुडाखेत गरलहल्ला खानेपानी तथा सरसफाई योजना | ३ | | सम्परक कोष | | |
| **आीर्थक विकास** | | | | | | |
| **कृषि** | एक वडा एक प्रविधिक, एडा एक नर्सरी, एक वडा एक पकेट क्षेत्र, एक टोल एक उत्पादन, साझेदारी कार्यक्रम हरु संचालन गरिने छन् । | | संघिय सरकार | राजश्व वांडफांड | ३१३२००० | |
| | गाउंपालिका अध्यक्ष कृषि आयोजना | | प्रदेश सरकार | वित्तिय समानिकरण | २३६८००० | |
| **पशु विकास** | एक वडा एक प्रविधिक, एक वडा एक पकेट क्षेत्र, साझेदारी कार्यक्रम हरु संचालन गरिने छन् । | | प्रदेश सरकार | वित्तिय समानिकरण | ४५००००० | |
| **उद्योग तथा बाणिज्य** | साना तथा घरेलु उद्योग अनुदान तथा प्रर्वधन कार्यक्रमहरु संचालन गरिने छन । | | प्रदेश सरकार | सवारी साधन कर वांडफांड | १९३५००० | |
| **पर्यटन** | सास्कृतीक सम्बर्धन तथा पर्यटन प्रर्वधनका कार्यक्रमहरु संचालन गरिने छन । | | संघिय सरकार | राजश्व वांडफांड | २४६५००० | |
| **सामाजिक विकास** | | | | | | |
| **शिक्षा** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बिद्यालयमा खानेपानी तथा सौचालय मर्मत, बिद्यालय अनुदान, खेलकुद सम्बन्धी कार्यक्रम, बिद्यालय करेसावरी, बलविकास केन्द्र शिक्षक र बिद्यालय कर्मचारी प्रोत्सहान, सुचना तथा प्रविधी कार्यक्रम हरु संचालन गरिने छन् । | | संघिय सरकार | राजश्व बांडफांड | १००००००० | |
| **स्वास्थ्य** | | | | | | |
| | महिला स्वयंम सैविका हरुलाई प्रोत्साहन खर्च, उपाध्यक्ष कोसेलि नमुनाटोल कार्यक्रम, प्रयोगसाल संचालन, पुर्ण सुत्केरी वडा घोसण | | संघिय सरकार | राजश्व बांडफांड | ४२०३१०६ | ६० लाख |
| | | | संघिय सरकार | बित्तिय समानिकरण | १७९६८९४ | |
| **खानेपानी तथा सरसफाई** | | वडा न. | | | | |
| १ | बन्डा खानेपानी तथा सरसफाई योजना | १ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| २ | बरुवा भादडा खानेपानी तथा सरसफाई योजना | १ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |
| ३ | भद्वडी खानेपानी तथा सरसफाई योजना | १ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ४ | तेलखेत रातामाटी भटसेरा खानेपानी तथा सरसफाई योजना | २ | संघिय सरकार | बित्तिय समानिकरण | ४००००० | |
| ५ | ढाण मल्लगाउं सोतेखोला खानेपानी तथा सरसफाई योजना | २ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ६ | ल्यारोडा सलानी पार्ष खानेपानी तथा सरसफाई योजना | ३ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ७ | कुकुडेपानी तिमलागैर बसौरा खानेपानी तथा सरसफाई योजना | ३ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |
| ८ | चौपाता खानेपानी तथा सरसफाई योजना | ४ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |
| ९ | चौड खानेपानी तथा सरसफाई योजना | ४ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |
| १० | भेक्करखोला थली खानेपानी तथा सरसफाई योजना | ५ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |
| ११ | कट्यौला जिमकोट खानेपानी तथा सरसफाई योजना | ५ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |
| १२ | दोली खानेपानी तथा सरसफाई योजना | ५ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | ठाडिगाढ थागिल खानेपानी तथा सरसफाई योजना | ६ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| १४ | पैरभ्वा खातिगाउं आम्पनी खोचा कार्की गाउं मजगाउं खानेपानी तथा सरसफाई योजना | ६ | संघिय सरकार | बित्तिय समानिकरण | ४००००० | |
| १५ | कन्सेट खानेपानी तथा सरसफाई योजना | ६ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| १६ | चडेपानी खानेपानी तथा सरसफाई योजना मर्मत | ७ | संघिय सरकार | बित्तिय समानिकरण | ४००००० | |
| १७ | जन्तोला चौडथला खानेपानी तथा सरसफाई योजना | ८ | संघिय सरकार | बित्तिय समानिकरण | ६००००० | |
| १८ | भुकेपानी न्वालामा खानेपानी तथा सरसफाई योजना | ८ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |
| | गाउंपालिका सूचिमा रहेका बिभिन्न खोपानी योजनाहरु मर्मतका लागी | | संघिय सरकार | बित्तिय समानिकरण | ४६००००० | |
| **संस्कृती प्रवर्धन** | | | | | | |
| | स्थानिय कला, संस्कृती, धार्मीक तथा सास्कृतिक कार्यहरु संचालन गरिने छन । | | संघिय सरकार | बित्तिय समानिकरण | २०००००० | |
| **लैङ्गीक समान्ता तथा समाजिक समाबेशिकरण** | | | | | | |
| | आनथ एवं टुहुरा वालवालिका हरुलाई पढाई प्रात्साहान खर्च, महिला स्वयंम सेविका हरुलाई प्रोत्साहन खर्च, | | संघिय सरकार | बित्तिय समानिकरण | २४००००० | |
| **भौतिक पुर्वाधार** | | | | | | |
| **सडक** | | वडा नं. | | | | |
| १ | रिम गोरङ सडक | १ | संघिय सरकार | बित्तिय समानिकरण | १०००००० | |
| २ | डाङ कपडा कलौना सडक | ३ | संघिय सरकार | बित्तिय समानिकरण | ५००००० | |
| ३ | मल्लेक सोपना सडक | ८ | संघिय सरकार | बित्तिय समानिकरण | १०००००० | |
| ४ | कफलकोट मल्ढीक सडक | २ | संघिय सरकार | बित्तिय समानिकरण | ४००००० | |
| ५ | भुलगाउं रौलगाउं बसौरा सडक | २ | संघिय सरकार | बित्तिय समानिकरण | ४००००० | |
| ६ | जिमकोट न्वाली सडक डि.पि.आर. | ५ | संघिय सरकार | बित्तिय | ५००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | समानिकरण | | |
| ७ | ढुङ्गेपानी भण्डारीगाढ सडक | ४ | संघिय सरकार | बित्तिय समानिकरण | ६००००० | |
| ८ | ईश्वरथला लटेवाली सडक | ४ | संघिय सरकार | बित्तिय समानिकरण | ५००००० | |
| ९ | मज्यु बनकांडा सिल्लेक सडक | ५ | संघिय सरकार | बित्तिय समानिकरण | ४००००० | |
| १० | खोलेक लवलेक चडेपानी सडक | ७ | संघिय सरकार | बित्तिय समानिकरण | ७००००० | |
| ११ | मेल्चोरा च्यानी मडालेक सडक | ६ | संघिय सरकार | बित्तिय समानिकरण | ५००००० | |
| १२ | जमाडी करीडोर | ६ | संघिय सरकार | बित्तिय समानिकरण | ५००००० | |
| | गाउंपालिका सुचीमा रहेका बिभिन्न सडकहरु मर्मतका लागी | | संघिय सरकार | बित्तिय समानिकरण | ४०००००० | |
| **पुल** | | | | | ५००००० | |
| **सिंचाई** | | वडा न. | | | | |
| १ | मौगडी सुरकाल सिंचाई योजना | १ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| २ | टोटा गाउं भदडा सिंचाई पोखरी | १ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ३ | बांस सिंचाई पोखरी | २ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ४ | भुलगाउं सिंचाई पोखरी | २ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ५ | कांडा सिंचाई योजना | ३ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |
| ६ | भुतेनिईजर सिंचाई पोखरी | ३ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ७ | सिमार सिंचाई योजना | ४ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ८ | घट्टी गाढ सिंचाई योजना | ४ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ९ | बिटकम सिंचाई योजना | ५ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | क्रमागत |
| १० | ढीक जत्युडी सिंचाई योजना | ६ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ११ | गिरी पाल सिंचाई पोखरी | ६ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| १२ | चिउरी मुहान तल्लीपाडी माने सिंचाई पोखरी | ७ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| १३ | नकाली कट्टेखेत सिंचाई योजना | ७ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | पितरकांडा सिंचाई पोखरी निमार्ण | ८ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| १५ | ढाणखोला कफल्डा सिंचाई योजना | ८ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| १६ | चौंसेरा बाटुलाखेत सिंचाई योजना | ६ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | क्रमागत |
| | गाउंपालिका सुचीमा रहेका बिभिन्न सिंचाई योजनाहरु मर्मतका लागी | | संघिय सरकार | बित्तिय समानिकरण | १०००००० | |
| | **पि.सि.सि. बाटो** | वडा नं. | | | | |
| १ | गैरिखेत बन्डा भादडा पि.सि.सि. बाटो | १ | संघिय सरकार | बित्तिय समानिकरण | २५०००० | |
| २ | भुमिराज महारुद्र मन्दिर पि.सि.सि. बाटो | १ | संघिय सरकार | बित्तिय समानिकरण | २५०००० | |
| ३ | गोरङ दलितटोल पि.सि.सि. बाटो | १ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ४ | धुरा रौलाधाम पि.सि.सि. बाटो | २ | संघिय सरकार | बित्तिय समानिकरण | २५०००० | |
| ५ | मव्वाडांडा वडाकार्यालय पि.सि.सि. बाटो | २ | संघिय सरकार | बित्तिय समानिकरण | २५०००० | |
| ६ | सुकुम्बासी बस्ती पि.सि.सि. बाटो | ३ | संघिय सरकार | बित्तिय समानिकरण | २५०००० | |
| ७ | सिल्लेगडा लटैनाथ मन्दिर पि.सि.सि. बाटो | ३ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | क्रमागत |
| ८ | कलौना पि.सि.सि. बाटो | ३ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ९ | लेक कपडा पि.सि.सि. बाटो | ३ | संघिय सरकार | बित्तिय समानिकरण | २५०००० | |
| १० | मटेला डुङरा हुदै न्वला सम्म पि.सि.सि. बाटो | ४ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| ११ | बसाली देउलेक धाम पि.सि.सि. बाटो | ४ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |
| १२ | न्वली मोड देखी मा. बि. दोली पि.सि.सि. बाटो | ५ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |
| १३ | पनखाना सलसना पि.सि.सि. बाटो | ५ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| १४ | लवडी गाउं पि.सि.सि. बाटो | ५ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| १५ | दोगडाधाम बमुनीआमा मन्दिर पि.सि.सि. बाटो | ६ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | लामाखेत लटीनाथ आ.बि. मेलथला पि.सि.सि. बाटो | ६ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| १७ | सलेना चम्तडी पि.सि.सि. बाटो | ६ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| १८ | दागडाधाम पि.सि.सि. बाटो | ७ | संघिय सरकार | बित्तिय समानिकरण | ८००००० | क्रमागत |
| १९ | सिल्लेगडा छानी पि.सि.सि. बाटो | ७ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |
| २० | भुमिराज मन्दिर भुमिराज देवता उत्पन्न स्थल पि.सि.सि. बाटो | ७ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| २१ | धारिगाढ मौलिङ्ग मा.बि. पि.सि.सि. बाटो | ८ | संघिय सरकार | बित्तिय समानिकरण | ३००००० | |
| २२ | माल्लेक बुङ्गाधार पि.सि.सि. बाटो | ८ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | |
| २३ | छिना धाम पि.सि.सि. बाटो | ८ | संघिय सरकार | बित्तिय समानिकरण | २००००० | क्रमागत |
| | गाउंपालिका सूचिमा रहेका बिभिन्न बाटोहरु निर्माणका लागी | | संघिय सरकार | बित्तिय समानिकरण | १५००००० | |
| **भवन तथा सहरी विकास** | | वडा नं. | | | | |
| १ | पालिका स्तरिय गेष्टहाउस तला थप योजना | ७ | संघिय सरकार | बित्तिय समानिकरण | ५०००००० | |
| २ | भुमिराज बचत तथा ऋण सहकारी भवन निर्माण | ४ | संघिय सरकार | बित्तिय समानिकरण | ८००००० | |
| ३ | पालिका स्तरिय खेलमैदान | ७ | संघिय सरकार | बित्तिय समानिकरण | १९००००० | |
| **वतावरण तथा विपद व्यवस्थापन** | | | | | | |
| | वनतथा भुसंरक्षण, जलाधार संरक्षण, वतावरण संरक्षण, जलवायू परिवर्तन, फोहर मौला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुण यन्त्र संचालन, लेण्डफिल्ड साईड तथा विवध | | गा. पा. | आन्तरिक आम्दानी | १६००००० | |
| **संस्थागत विकास तथा सेवा प्रवाह** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मानव संसाधन विकास सस्थागत क्षमता विकास, संस्थागत सुधार, नागरिक वडा पत्र तथा टोकन प्रणाली, सेवा प्रवाहमा मापदण्ड निर्धारण, सूचना प्रविधी, पञ्जिकरण व्यवस्थापन, अभिलेख व्यवस्थापन, सुरक्षा व्यवस्थापन तथा विविध | | गा. पा. | आन्तरिक आम्दानी | १२००००० | |
| **बित्तिय व्यवस्थापन तथा सुसासन** | | | | | | |
| | लेखाङ्न तथा राजश्व परिचालन, सामाजिक परिक्षण, अन्तिम लेखा परिक्षण तथा वेरुजू, सार्वजनिक सुनवाई, आन्त्रिक नियन्त्रण तथा लेखा परिक्षण, बित्तिय अनुसासन तथा जोखिम न्यूनिकरण र विविध | | गा. पा. | आन्तरिक आम्दानी | १२००००० | |

| आ.व. २०७७/०७८ को लगी अनुमानित आय व्यय बिवरण | | | |
|---|---|---|---|
| आय तर्फ | | व्यय तर्फ | |
| | रकम रु | | रकम रु |
| समाजिक सुरक्षा अनुदान | १०००००००० | समाजिक सुरक्षा अनुदान | १०००००००० |
| आन्तरिक श्रोतको अनुमान | १००००००० | सशर्त तर्फ खर्च (संघीय ) | २०००००००० |
| चालु आ.व. मा बांकी रहने रकमको अनुमान | ० | सशर्त तर्फ खर्च (प्रदेश ) | १००००००० |
| संघ सस्था अनुदान अनुमान | १५०००००० | चलु खर्च | ५५०००००० |
| जनश्रदान | | सम्पुरक कोष | ५०००००००० |
| | | | |
| **संघीय सरकार बाट** | | फर्निचर | ५००००० |
| सशर्त अनुदान | २०००००००० | मेसिनरी औजार | ५०००००० |
| बित्तिय समानिकरण अनुदान | १२००००००० | सवारी साधन | १००००००० |
| राजश्व बांडफांड | ९००००००० | पुजीगत अनुसन्धान तथा परामर्श | ३०००००० |
| सम्पुरक अनुदान | २५०००००० | | |
| बिषेस अनुदान | ३५०००००० | | |
| **प्रदेश सकार बाट** | | पुजित खर्च १००% | २४६५००००० |
| सशर्त अनुदान | १००००००० | आर्थिक बिकास १६% | ४९३००००० |
| बित्तिय समानिकरण अनुदान | १५०००००० | समाजिक विकास ३५% | ८६२७५००० |

| | | | |
|---|---|---|---|
| राजश्व बांडफांड | १0000000 | पुर्वाधार ४०% | ९८६00000 |
| संम्पुरक अनुदानको अनुमान | २0000000 | वतावरण तथा बिपद व्यवस्थापन २% | ४९३0000 |
| बिशेष अनुदानको अनुमान | ३0000000 | संस्थागत विकास तथा सेवा प्रवाह १.५% | ३६९७५00 |
| संघ सस्था अनुदान अनुमान | | बित्तिय व्यवस्थापन तथा सुशासन १.५% | ३६९७५00 |
| | ६८0000000 | | ६८0000000 |

अन्त्यमा,

यस बजेट निर्माणका सथै स्थानिय तह संचालन गर्ने राष्ट्रसेवक कर्मचारी, सामाजिक अगुवा, बुद्धीजिवि, सञ्चार जगत, ब्यवसायी, सुरक्षा निकाय लगायत समस्त दोगडाकेदार बासिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।